लुम्बिनी प्रदेश सरकार

उद्योग पर्यटन तथा यातायात मन्त्रालय

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प)

## तालिम प्रदायक संस्था सुचिकरण गर्ने बारेमा ।

**प्रथम पटक सचना प्रकाशित मितिः २०८२।०७।११**

यस कार्यालयको आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका विषयका व्यवसायिक तथा सिपमुलक तालिमहरु लुम्बिनी प्रदेश सरकार, उद्योग पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, देउखुरी दाङबाट जारी भएको व्यवसायिक तथा सीपमुलक तालिम सञ्चालन कार्यविधि २०८२ को दफा १२ (ग) को व्यवस्था बमोजिम दर्तावाला तालिम प्रदायक संस्थासंग परामर्श सेवा खरिद (आउट सोर्सिङ्ग) मार्फत सञ्चालन गर्नुपर्ने भएकोले नवलपरासी (ब.सु.प.) जिल्ला स्थित स्थानिय तहहरुमा उल्लेखित तालिमहरु सञ्चालन गर्न सक्ने, सम्बन्धित निकायबाट सम्बन्धित विषयको तालिम सञ्चालनका लागि अनुमति प्राप्त गरेका ईच्छुक तालिम प्रदायक संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित तालिम प्रदायक संस्थाको रुपमा यस कार्यालयमा निवेदन दिई सूचिकृत हुन सम्बन्धित सबैको जनकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | तालिमको बिषय | तालिम अवधि |
|---|---|---|
| १. | **Tile Marble Fitter** | ३९० घण्टा सीप परीक्षण समेत |
| २. | **Mobile Phone Repairing Training** | ३९० घण्टा सीप परीक्षण समेत |
| ३. | **Travel Agent** | ३९० घण्टा सीप परीक्षण समेत |

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

क) कम्पनी / फर्मको दर्ताको प्रमाणपत्रको प्रतिलिपि (फर्मको हकमा नविकरण भएको र कम्पनी हकमा अध्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी समेत)

ख) कम्पनी / फर्मको स्थायी लेखा न. र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धित विषयमा तालिम सञ्चालनका लागि प्राप्त गरेको अनुमति (सम्बन्धन पत्रको प्रतिलिपी)

पुनश्चः

- यहाँ उल्लेख भएका वाहेक अन्य विषयमा तालिम गर्न सक्ने संस्थाहरुले समेत आफुले संचालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिने सकिने छ ।
- यसै सूचना अनुसार तालिम प्रदायक संस्थाहरुको रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी संस्थालाई प्राथमिकता दिइ सोहि संस्थासंग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी कार्यक्रम संचालन गरिनेछ ।
- सुचिकृत हुने निवेदन (कार्यविधिको अनुसूची ११ बमोजिम) को ढाँचा यस कार्यालयको बेवसाईट www.csinawalparasi.lumbini.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- थप जानकारीको लागि कार्यालयको फोन नं. ०७८-५२०१६९ सूचना अधिकारी (९८५७०८७९६३) वा श्री मनोज कुमार चौधरी (९८०४४८४३१५) लाई सम्पर्क गर्न सकिनेछ ।

२०८२/०७/११

(मोहन पाण्डे)

वरिष्ठ उद्योग अधिकृत

मोहन पाण्डे
कार्यालय प्रमुख
(वरिष्ठ उद्योग अधिकृत)